**प्रस्तावहरु**

**प्रस्ताव नं.१ : मिति २०७९/८/७ गते भएको कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**
**प्रस्ताव नं.२ : कृषियोग्य जमिनको वर्गिकरण सम्बन्धमा ।**
**प्रस्ताव नं.३ : उप प्रमुखको बैदेशिक भ्रमण सम्बन्धमा ।**
**प्रस्ताव नं.४ : व्यास नगरपालिकाको ३८ औं नगरसभा सम्बन्धमा ।**
**प्रस्ताव नं.५ : कर्मचारीको अतिरिक्त सेवा सुविधा सम्बन्धी कार्यविधि, २०७९ सम्बन्धमा ।**
**प्रस्ताव नं.६ : नगर लोक कल्याणकारी गतिविधी प्रकाशन, प्रशारण सम्झौता सम्बन्धमा ।**
**प्रस्ताव नं.७ : व्यास नगरपालिका वडा नं. ६ को वडा कार्यालय भवन निर्माण ठेक्का रद्द गर्ने सम्बन्धमा ।**
**प्रस्ताव नं.८ : व्यास नगरपालिका वडा नं. ६ श्याम्घा हटियामा सामुदायिक भवन निर्माण सम्बन्धमा ।**
**प्रस्ताव नं.९ : व्यास नगर कार्यपालिका कार्यालय परिशरमा नयाँ बहुउद्देश्यीय भवनको टेण्डर प्रकृया सम्बन्धमा ।**
**प्रस्ताव नं.१० : कार्यालय परिशरमा नयाँ बहुउद्देश्यीय भवन निर्माण प्रकृयामा सहजीकरणका लागि निर्माणस्थल सटरभाडामा रहनेलाई घर पसल खाली गर्न ३ महिना सूचना दिने सम्बन्धमा ।**
**प्रस्ताव नं. ११ : बाल शिक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयमा दरबन्दी सृजना गर्ने सम्बन्धमा ।**
**प्रस्ताव नं.१२ : सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा ।**
**प्रस्ताव नं.१३ : रिक्त चिकित्सक र स्वास्थ्य कर्मचारीहरुको करार सेवाका लागि विनियोजन गर्ने सम्बन्धमा ।**
**प्रस्ताव नं. १४ : व्यास न.पा. वडा नं. ३ भतेरीको जग्गा प्राप्ति सम्बन्धमा ।**
**प्रस्ताव नं. १५ : विभिन्न निर्माण सम्बन्धी योजनाहरुको भेरियसन सम्बन्धमा ।**
**प्रस्ताव नं. १६ : विषय विज्ञ रोष्टर तयार गर्ने सम्बन्धमा ।**
**प्रस्ताव नं.१७ : गणित र विज्ञान विषयका मा.वि. शिक्षकहरुको पुनर्ताजकी तालिम सम्बन्धमा ।**
**प्रस्ताव नं. १८ : विद्यालय सुधार र लेखापरीक्षण कार्यशाला सम्बन्धमा ।**
**प्रस्ताव नं. १९ : स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक छपाई सम्बन्धमा ।**
**प्रस्ताव नं. २० : शिक्षक व्यवस्थापनमा रकम विनियोजन सम्बन्धमा ।**
**प्रस्ताव नं. २१ : आ.व. २०७८/०७९ का भुक्तानी गर्न बाँकी योजनाहरु सम्बन्धमा ।**
**प्रस्ताव नं. २२ : विपद्जन्य एवं उपचार खर्च सम्बन्धमा बजेट विनियोजन बारे ।**
**प्रस्ताव नं. २३ : शहरी शासकीय पूर्वाधार निर्माण परामर्श दाता टिम लिडर परिवर्तन सम्बन्धमा ।**
**प्रस्ताव नं. २४ : कम्युनिटी सपोर्ट ग्रुप नेपाल-लाई घर भाडामा दिने सम्बन्धमा ।**
**प्रस्ताव नं. २५ : जग्गा विकास आयोजनाका लागि ऋण सम्झौता अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/८/७ गते भएका कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा भु-उपयोग नियमावली, २०७९ को व्यवस्था अनुसार मिति २०७९/८/२३ गतेभित्र कृषि योग्य जमिन एकिन गर्नुपर्ने हुँदा व्यास नगर भु-उपयोग परिषद्बाट पारित कृषि योग्य जमिनको वडागत विवरणको जानकारी प्राप्त भई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा उप प्रमुख श्री इन्दिरा दरैलाई COP 15, 3-19 December 2022 सम्म उत्तर अमेरिकी मुलुकको MONTREAL, CANADA मा हुने कार्यक्रमा भाग लिन जानका लागि भ्रमण स्वीकृत गराईदिनका लागि स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका २०७५ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३८ औं नगरसभा २०७९ पौष २८ र २९ गते व्यास नगर सभा कक्षमा आयोजना गर्ने निर्णय गरियो । उक्त नगर सभामा आ.व. २०७९/०८० को नीति कार्यक्रम, बजेट कार्यक्रमको समिक्षा, आवश्यक विधेयक प्रस्तुत, विषयगत समितिको कार्य समिक्षा गर्ने गरी आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित कार्यविधिहरु पारित तथा नियमावली संशोधन गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका कर्मचारी अतिरिक्त सेवा सुविधा सम्बन्धी कार्यविधि २०७९ पारित ।

(ख) व्यास नगरपालिका सल्लाहकार एवं परामर्श सेवा व्यवस्थापन सञ्चालन कार्यविधि २०७९ पारित ।

(ग) योजना अनुगमन कार्यविधि २०७७ संशोधन ।

(घ) व्यास नगरपालिका युवा परिषद् नियमावली ।

(ङ) उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०७९ पारित ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा नगर लोक कल्याणकारी गतिविधि प्रकाशन प्रशारणार्थ यस नगरक्षेत्र भित्र रही सञ्चालनमा रहेका रेडियो, पत्रपत्रिका र अन्य सञ्चारका माध्यम मार्फत नगर कल्याणकारी सन्देश प्रकाशन र प्रशारण गर्न सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ६ को वडा कार्यालय भवन निर्माणका लागि ठेक्का नं. १७/vyasmun /०७८/०७९ माता बाराही ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन शुक्लागण्डकी ८, तनहुँलाई निर्माण ठेक्का दिईएकोमा स्थानीयहरुको राय सल्लाह र वडा समितिको निर्णयानुसार जग्गा अपर्याप्त भएकाले ठेक्का प्रकृया रद्द गरी वैकल्पिक व्यवस्था गर्न अनुरोध भई आएकोले निर्माण व्यवसायीको सहमती समेतमा उक्त टेण्डर प्रकृया रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ६ श्याम्घा हटिया स्थित चन्द्रोदय प्रा.वि. मर्ज भईसकेकाले करिव २ रोपनी भन्दा बढी उक्त खाली जग्गामा स्थानीयबासीको माग अनुसार वडा भवनलाई विनियोजित रकम समेतबाट सामुदायिक भवन निर्माण प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका परिशरमा पृथ्वीराजमार्ग र सफा सडक तर्फ मोहोडा पर्ने गरी नयाँ बहुउद्देश्यीय भवन निर्माणका लागि नगर विकास कोषसँग गतबर्ष सम्झौता भएकोमा टेण्डर हुन बाँकी रहेकाले यस बर्षको संशोधित मूल्य अनुसार लागत ईष्टिमेट पुनर्मुल्याङ्कन गरी टेण्डर प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै नगर विकास कोषलाई जानकारी दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नयाँ बहुउद्देश्यीय निर्माणाधिन भवन क्षेत्रमा रहेका पुराना संरचनाहरु हटाउनु पर्ने हुँदा २०७९ फाल्गुण मसान्तसम्म ३ महिनाभित्र घर सटर खाली गर्न सम्बन्धित भाडावालाहरुलाई सूचना दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा प्रारम्भिक बाल बिकास र स्वयंसेवक शिक्षक नभएका सामुदायिक विद्यालयमा एक/एक दरबन्दी सृजना गर्ने र अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा २०७९ पौष १३ दमौलीमा प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१३:</u>** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा रिक्त रहेका स्वास्थ्य तर्फका चिकित्सक, स्वास्थ्य कर्मचारीहरुको करार सेवामा नियुक्त गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १४ :</u>** प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ३ मादिनदी किनारमा रहेको करिव २०० रोपनी नीजि जग्गामा बसपार्क बालबालिका उद्यान लगायतका सार्वजनिक प्रयोगका लागि जग्गा अधिग्रहण प्रकृया करिव २०/२५ बर्ष अगाडी नगरपालिकाले प्रारम्भ गरेकोमा विविध कारणले हालसम्म उक्त प्रकृयाले पूर्णता प्राप्त गर्न नसकेकाले हाल मादिनदीले कटान गर्दै गएको अवस्थाले नदी किनारमा आवास क्षेत्र समेत हुन नसक्ने हुँदा व्यास नगरपालिकामा उपयुक्त बसपार्क, बालबालिका उद्यान लगायतका आवश्यक पूर्वाधारका लागि स्थानीय जग्गाधनीहरुसँग समन्वय गरी जग्गा अधिग्रहण प्रकृया कानून बमोजिम अघि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं.१५ :</u>** प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुँदा विभिन्न योजनाहरुमा रकम विनियोजन निम्नानुसार गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

क) व्यास ५ स्थित कन्टार रिङरोड कालोपत्रे योजना अर्न्तगत थप नाला निर्माणको कार्य गर्दा ठेक्का सम्झौता रकममा रु.१,७४,०००।०० बरारको परिमाण भेरिएसन भएको हुंदा उक्त भेरिएसन स्वीकृत गरी उक्त रकम खर्च कन्टिजेन्सी कोष बाट भुक्तानी उपलब्ध गराउने ।

ख) व्यास १० स्थित दुम्सीकोट मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण कार्यको भेरिएसन रकम रु.४२,९४९।०० स्वीकृत गरी सम्बन्धीत योजनाको कन्टिजेन्सी शिर्षकबाट उपलब्ध गराउने ।

ग) व्यास १ स्थित अडमपानी मिलनचोक मार्ग कालोपत्रे योजनाको लागि परिमाण भेरिएसन रकम रु.२,५५,०००।०० स्वीकृत गरी उक्त रकम खर्च कन्टिजेन्सी कोष बाट भुक्तानी उपलब्ध गराउने ।

घ) व्यास १० स्थीत लागत सहभागिता तर्फको योजना खहरे दरैगांउ कालोपत्रे तथा पक्की नाला निर्माणको लागि रु.७६,०२४।०० बराबरको परिमाण भेरिएसन स्वीकृत गरी सम्बन्धी योजनाको कन्टिजेन्सीबाट भुक्तानी उपलब्ध गराउने ।

**<u>निर्णय नं.१६ :</u>** प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक/संस्थागत विद्यायहरुको विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत विकास सहयोगका लागि सबै तहका शिक्षकको प्रतिनिधित्व हुने गरी विषयविज्ञ रोष्टर गठन गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं. १७</u>** : प्रस्ताव नं. १७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका माध्यमिक तहको SEE नतिजा लाई अध्ययन गर्दा गणित र विज्ञान विषयका शिक्षकहरुलाई ३/३ दिने पुनर्ताजगी तालिम सञ्चालन गर्न खर्च शिर्षक १९४ बाट रू.२,००,०००/- (दुई लाख) मा नबढ्ने गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १८ :</u>** प्रस्ताव नं. १८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुमा लेखापरीक्षण र विद्यालय सुधार योजना निर्माण कार्यशाला सञ्चालनका लागि प्र.अ. हरुको २ दिने पुनर्ताजगी तालिम सञ्चालनका लागि खर्च शिर्षक नं. २०३ बाट रू.१,५०,०००/- (एक लाख पचास हजार) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ :** प्रस्ताव नं. १९ का सम्बन्धमा छलफल हुँदा कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक छपाई कार्यक्रम अघि बढाउने लागत खर्चको भुक्तानीका लागि शिक्षा तथा सामाजिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २० :** प्रस्ताव नं. २० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ९ स्थित बसाहास्थान मा.वि. का धेरै दरबन्दी अन्य विद्यालयमा स्थानान्तरण गरिएको र उक्त विद्यालयमा गठित शिक्षक व्यवस्थापन गर्न रू.२,००,०००/- (दुई लाख) खर्च शिर्षक नं. १९३ बाट विद्यालयका खातामा रकमान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :**प्रस्ताव नं. २१ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७८/०७९ मा भुक्तानी गर्न बाँकी तपसिलका योजनाहरुको भुक्तानी दिने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. | भुक्तानी रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | शिवालय मन्दिर तारवार गर्ने कार्य | ११ | ४०,०००/- | ९१८ |
| २. | हस्त बहादुर वि.क. आरन निर्माण | १२ | २९,६९२/- | २३७ |
| ३. | सिलाई कटाई तालिम व्यवस्थापन (CTVT सहकार्य) | १ | ३०,०००/- | २१८ |
| ४. | सुवर्ण मार्ग सिंढी बाटो निर्माण | ४ | ३,००,०००/- | ९३५ |
| ५. | सविता घर्ती २०० भारी पराल आगलागी | ९ | २०,०००/- | विपद् |
| ६. | विष्णुमाया गुरुङ्ग, भुकम्पबाट क्षती घर मर्मत | ९ | २५,०००/- | विपद् |
| ७. | श्री शुभदिप सामाजिक उद्यमी महिला सहकारी (खसी, बोका अनुदान) | ८ | १,४२,२२१/- | २२४ |
| ८. | श्री आधारशिला सामाजिक उद्यमी महिला सहकारी (खसी, बोका अनुदान) | १२ | ९८,०३०/- | २२४ |
| ९. | श्री भन्सार युवा क्लव, खेल प्रतियोगिता | | ३०,०००/- | २४९ |
| १०. | भानु माध्यमिक विद्यालय शैक्षिक सामाग्री व्यवस्थापन | १० | १,००,०००/- | ९१० |
| ११. | सेवर दुग्ध उत्पादक सहकारी गोठ सुधार सहयोग | १० | १,५०,०००/- | २५१ |
| १२. | गलेखामकोट भैरवी मन्दिरमा कोट पुजा | ६ | ३०,०००/- | १०५ |
| १३. | ट्राफिक बोर्ड निर्माण भुक्तानी | | ९८,७३६/- | विविध फुटकर |
| १४. | जनप्रतिनिधी पुनर्ताजगी तालिम भुक्तानी दिन छुट | | ४३,९००/- | २५४ |

**निर्णय नं.२२ :** प्रस्ताव नं. २२ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | दमौली खेलकुद ग्राउण्ड कम्पाउण्ड वाल निर्माण | ३ | ५,७५,०००/- | ९११ |
| २. | मिलन मोटर मार्ग कालो पत्रे लागत समेत थप | १ | ८०,०००/- | ९३५ |
| ३. | इमानुअल चर्च संरक्षण | १ | २,००,०००/- | विपद् |
| ४. | जलदेवी मा.वि. कम्पाउण्ड वाल मर्मत | १ | ५,५०,०००/- | विपद् |
| ५. | मनिषा कुमाल ढोका आगलागी राहत | १ | ५०,०००/- | विपद् |
| ६. | निर्मल नगर टोल भवन नजिक नाला थप | १ | १,२५,०००/- | ९३५ |

| | | | | |
|---|---|---|---|---|
| ७. | शिवालय टोल थप नाला निर्माण | १ | २,००,०००/- | ९३५ |
| ८. | जनचेतना टोल भवन पैह्रो नियन्त्रण | १ | १,००,०००/- | विपद् |
| ९. | अम्रेनी टोल खानेपानी पाइप मर्मत | १ | ८०,०००/- | ९२३ |
| १०. | चारकुने टोल डष्टविन खरिद | १ | ३५,०००/- | ९३५ |
| ११. | दोभान युवा क्लव, फुटवल प्रतियोगिता सञ्चालन | १ | २,००,०००/- | २४९ |
| १२. | तनहुँ मगर समाज फर्निचर भेषभुषा | २ | १,५०,०००/- | ९१८ |
| १३. | रत्नहरी प्रजापती कलेजो आन्द्रा समेत उपचार खर्च (राँगाले हानी जटिल उपचार) | २ | ४०,०००/- | ५३ |
| १४. | न्यूरोड टोल भवन मर्मत स्तरोन्नती | २ | १,५०,०००/- | ९३५ |
| १५. | नवौं राष्ट्रिय खेलकूद ब्यानर निर्माण | ३ | २२,५००/- | ८९ |
| १६. | कालिका शहिद शान्तिपार्क परम्परागत पुजा व्यवथापन | ४ | ८०,०००/- | ६२ |
| १७. | पाटन-बेनीपाटन टोल पोल स्थानान्तरण | ५ | १९,०५२/- | ९२१ |
| १८. | रेनु थापा, हात काटिएको उपचार खर्च | ५ | ४०,०००/- | ५३ |
| १९. | सन्तु शाही कृषि फाराम पाइप खरिद | ५ | ५०,०००/- | ९२३ |
| २०. | पिप्ले मार्ग स्तरोन्नती थप रकम | ६ | १,९०,०००/- | ९३५ |
| २१. | ग्यालेक्सी युवा क्लव फुटवल खेल व्यवस्थापन | ६ | १,००,०००/- | २४९ |
| २२. | जोहरम मिया, घर गोठ आगलागी | ६ | २०,०००/- | विपद् |
| २३. | कुसुण्डे कुवा खानेपानी मर्मत | ६ | १,००,०००/- | ९२३ |
| २४. | तमुध्वज धीं भवन पैह्रो संरक्षण | ६ | ९०,०००/- | विपद् |
| २५. | बेल बहादुर जोगी उपचार खर्च | ६ | २५,०००/- | ५३ |
| २६. | देउराली कुवा निर्माण | ६ | ४०,०००/- | ९२३ |
| २७. | देउराली प्रा.वि. कम्पाउण्ड | ६ | ३,००,०००/- | ९१० |
| २८. | ह्युमपाइप खरिद ढुवानी | ७ | १९,०००/- | ९३५ |
| २९. | विष्णुमाया सुनार,पैह्रो, घर मर्मत | ७ | ५०,०००/- | विपद् |
| ३०. | विशाल राना, खानेपानी पाइप खरिद | ८ | २०,०००/- | ९२३ |
| ३१. | विष्णु मन्दिर तार व्यवस्थापन | ८ | १४,०००/- | ९१८ |
| ३२. | रिस्ती कृषि फर्म सिँचाई पाइप खरिद | ८ | ७०,०००/- | ९२० |
| ३३. | कल्याणध्वज अधिकारी, मौरी पालन विपद | ९ | २५,०००/- | विपद् |
| ३४. | भँयरथान वैकल्पिक बाटो निर्माण | ९ | ६,५०,०००/- | ९३५ |
| ३५. | सोम बहादुर कामीको अचानक गोरु मरेकाले राहत | ९ | १०,०००/- | विपद् |
| ३६. | बसास्थान मन्दिर रङ्ग रोगन | ९ | २०,०००/- | १०८ |
| ३७. | काजीफाँट सडक बत्ती जडान | ९ | ३०,०००/- | १०८ |
| ३८. | लिला कुमारी परियार, माछापोखरी विपद सहयोग | १० | १,००,०००/- | विपद् |
| ३९. | बैरेनी दरै समाज, फुटवल प्रतियोगिता सहयोग | १० | २०,०००/- | २४९ |
| ४०. | दुम्सी बोटेटार खानेपानी पाइप खरिद | १० | ७०,०००/- | ९२३ |
| ४१. | राम रामेश्वर मन्दिर टंकी निर्माण मर्मत समेत | १० | ८०,०००/- | ९२३ |
| ४२. | गणेश टोल नाला सफाई मर्मत | १० | २४,१९१/- | ९३५ |
| ४३. | कुमालटारी टोल विकास खानेपानी पाइप खरिद | १० | १६,०००/- | ९२३ |
| ४४. | पराल आगलागी राहत | १० | १०,०००/- | विपद् |

| | | | | |
|---|---|---|---|---|
| ४५. | पोलिकन्स क्रिकेट क्लव प्रतियोगिता व्यवस्थापन | १० | १,००,०००/- | २४९ |
| ४६. | खानेपानी पाइप खरिद सुन्धारा टोल | ११ | २५,०००/- | ९२३ |
| ४७. | दान बहादुर भण्डारी, घर संरक्षण | ११ | २०,०००/- | विपद् |
| ४८. | दरैपँधेरा सामुदायिक भवन शौचालय निर्माण | ११ | १,३०,०००/- | ९१८ |
| ४९. | ऋपिश्वर राना कृषि सिँचाई व्यवस्थापन | ११ | २०,०००/- | ९२० |
| ५०. | रानीपानी खानेपानी कुवा मर्मत संरक्षण | ११ | १,६०,०००/- | ९२३ |
| ५१. | बराह खोला सामुदायिक भवन कम्पाउण्ड तारवार | ११ | १,००,०००/- | ९१८ |
| ५२. | मनकामना आश्रम महायज्ञ व्यवस्थापन | ११ | ५०,०००/- | २४६ |
| ५३. | चैनत्यराज नहर्की, वि.एस.सी. अध्ययन परियोजना निर्माण सहयोग | ११ | ३०,०००/- | १९९ |
| ५४. | विष्णु प्रसाद भट्टराई, खानेपानी पाइप खरिद | ११ | १०,०००/- | ९२० |
| ५५. | बास्कोटे खानेपानी टंकी मर्मत निर्माण | १२ | १,००,०००/- | ९२३ |
| ५६. | छाब्दी बाराही आधारभुत विद्यालय ट्रस, भवन निर्माण समेत | १२ | ५,००,०००/- | ९१० |
| ५७. | उमाकान्त रेग्मी, कृषि सिँचाई व्यवस्थापन | १३ | ३०,०००/- | ९२० |
| ५८. | सुर्य प्रसाद भट्टराई, अचानक ११ वटा बाखा मृत्यु राहत | १३ | ५५,०००/- | विपद् |
| ५९. | नेपाल कराँते महासंघ राष्ट्रिय खेल सहभागी सहयोग | | ७०,०००/- | २४९ |
| ६०. | शान्ता गिरी, अध्ययन छात्रवृत्ति आदिकवी क्याम्पस | | ८,०००/- | १९९ |
| ६१. | एलायन्स क्लव तनहुँ फुटवल खेल प्रतियोगिता | | २५,०००/- | २४९ |
| ६२. | रोटरी क्लव दमौली (ताइवानी चिकित्सक समेत) बृहत स्वास्थ्य शिविर सञ्चालन सहयोग | | ४,००,०००/- | २२१ |
| ६३. | आदिकवी भानुभक्त क्याम्पस विद्यार्थी अध्ययन भ्रमण सहयोग | | १,००,०००/- | ६२ |
| ६४. | व्यास गुफा क्षेत्रमा रहेका धारा मर्मत निर्माण (रोट्याक्ट क्लव) | | २,००,०००/- | ९२३ |
| ६५. | राष्ट्रिय लोक दोहोरी प्रतियोगिता जिल्ला अधिवेशन सहयोग | | ३०,०००/- | ६२ |
| ६६. | भादगाउँ दरै समाज फुटवल खेल सहभागीता सहयोग | | २०,०००/- | २४९ |
| ६७. | स्मारिका पन्थ, अध्ययन प्रतिवेदन सहयोग | | ३०,०००/- | १९९ |
| ६८. | स्मृती सुनार, आदिकवी क्याम्पस छात्रवृत्ति सहयोग | | ८,०००/- | १९९ |
| ६९. | मेनुका सुनार, आदिकवी क्यामपस छात्रवृत्ति सहयोग | | ८,०००/- | १९९ |
| ७०. | रामु पन्थ, निर्मला पन्थ सिँचाई पाइप खरिद | | ५०,०००/- | ९२० |
| ७१. | झलक वि.क., अनुसन्धान सहयोग स्नातकोत्तर | | ५०,०००/- | १९९ |

**निर्णय नं.२३:** प्रस्ताव नं २३ का सम्बन्धमा छलफल हुंदा नेपाल सरकार शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग अर्न्तगतको नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना (NUGIP) मार्फत यस नगरपालिकामा छनौट भएको परामर्शदाता संस्था

श्री BOTEK Bosphorus Technical JV GOEC Nepal Pvt.Ltd ले उक्त परार्शदाताका तर्फबाट यस नगरपालिकामा काम गर्न तोकिएका टिम लिडर श्री अभिषेक बहादुर प्रधानले विविध कारण देखाई राजीनामा दिनु भएको भनी परामर्शदाता फर्मले निजको सट्टा उत्तिकै प्राविधिक क्षमता भएका अर्का टिमलिडर प्रस्ताव गरेकोमा NUGIP संगको छलफलको आधारमा मुल्यांकन गर्दा हाल प्रस्तावित टिम लिडर श्री सुरेश बरालको पुर्व टिम लिडर बराबरको नै योग्यता पुग्ने मुल्यांकनबाट प्राप्त भएकोले परामर्शदाता तर्फको टिम लिडर श्री सुरेश बराललाई स्वीकृत दिने निर्णय गरियो ।

**निर्णय नं. २४ :** प्रस्ताव नं. २४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत रहेको व्यास नगरपालिका वडा नं. २ गणेशमानचोक स्थित पत्रकार महासंघको भवनसँग जोडिएको बालकल्याण भवनको दोश्रो तलामा रहेको कम्युनिटी सपोर्ट ग्रुप (CSG) नेपाल विगत १४ बर्षदेखि बस्दै आएको र उक्त संस्थाले एच.आई.भी. संक्रमितहरुको स्वास्थ्यमा हेरचाह, पोषण कार्यक्रम समेत सञ्चालन गर्दै आएकोमा २०७८ पौष १७ गतेदेखि २०७९ भाद्र १५ सम्मको भाडा तिर्न बाँकी रहेको उक्त भाडा तिर्ने जिम्मेवार व्यक्तिको मृत्यु भएको र भाडा तिर्ने अन्य श्रोत नभएकाले उक्त अवधिको भाडा रकम छुट गरी १ जनवरी २०२२ देखि ३१ डिसेम्बर २०२२ सम्म घर बहाल नविकरण गरिपाउँ भनि निवेदन पर्न आए उपर छलफल हुँदा बाँकी भाडा भुक्तानी वा मिनाहा सम्बन्धमा आगामी नगर सभामा पेश गर्ने गरी निवेदन माग अनुसार घर बहाल सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २५ :** प्रस्ताव नं. २५ का सम्बन्धमा छलफल हुँदा शहरी विकास आयोजना अन्तर्गत नगर विकास कोष र व्यास नगरकार्यपालिका, नगर कार्यपालिकाको कार्यालय तनहुँ बीच बैरेनी जग्गा एकिकरण निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी २०७९/८/१४ गते भएको नगर विकास कोषबाट रू.९,१०,५०,४००/- (नौ करोड दश लाख पचास हजार चारसय) को ऋण सम्झौता अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त रकम जग्गा विकास आयोजना कै आयश्रोतबाट सोधभर्ना गर्न गराउन समेत सम्बन्धित आयोजनालाई निर्देशन दिने निर्णय गरियो ।